# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, अषाढ ३१ गते, २०७८ साल (अतिरिक्ताङ्क १०


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको अध्यादेश नं. ०२

# आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल कर्णाली प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश सम्वत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "निकाय" भन्नाले यस अध्यादेश बमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग र कार्यालय सम्झनु पर्छ र सो शब्दले यस अध्यादेश बमोजिम बजेट विनियोजन भएका संघ र स्थानीय तहका निकायलाई समेत जनाउँछ।

(ख) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "योजना आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएका मन्त्रालय सम्झनु पर्छ।

३. **<u>आर्थिक वर्ष २०७८/०७९ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार</u>:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम एक करोड एघार लाख दस हजार रुपैयाँ बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चको रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा छत्तीस अर्ब त्रिपन्न करोड पचपन्न लाख छब्बीस हजार रुपैयाँमा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. **<u>विनियोजन</u>:** (१) यस अध्यादेशद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन

आएमा मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ। त्यसरी रकम सार्दा घटाउने अनुदान सङ्ख्याको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा यो सीमा लागु हुने छैन।

(ख) पुँजीगत खर्च तर्फका शीर्षकमा विनियोजित रकम पुँजीगत खर्च तर्फको खर्च शीर्षक बाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान रकम अन्य अनुदान सङ्ख्यामा र अर्को स्थानीय तहमा रकमान्तर हुने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ३०१ (मुख्यमन्त्री रोजगार कार्यक्रम), ३३७ (संघ सशर्त अनुदानतर्फको कार्यक्रम), ३५० (कोभिड-१९ सम्बन्धी कार्यक्रम), ५०१ (अर्थ वित्तीय व्यवस्था) र ६०२ (अर्थ विविध) मा विनियोजन भएको रकम चालु, पुँजीगत, वित्तीय व्यवस्थाका जुन-जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही

शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन बाधा पर्ने छैन।

(५) यो अध्यादेश बमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम हुनेछ।

५. <u>**अन्तर सरकारी वित्तीय हस्तान्तरण:**</u> (१) अनुदान सङ्ख्या ८०१ को रकम कानून बमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक कार्यालयले हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान बराबर चार किस्तामा हस्तान्तरण गरिनेछ। त्यसरी हस्तान्तरण गर्दा पहिलो किस्ता भाद्र सात गते, दोश्रो किस्ता कार्तिक सात गते, तेश्रो किस्ता माघ सात गते र अन्तिम किस्ता बैशाख सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक वर्षमा हस्तान्तरित रकमको उपलब्धि सहितको आर्थिक विवरण पेश नगरेमा दोश्रो र त्यसपछिका किस्ता वापतको रकम हस्तान्तरण गरिने छैन।

(४) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण भएको अनुदान रकमको प्रगतिको आधारमा मात्र थप रकम हस्तान्तरण गर्नुपर्नेछ।

(६) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ।

(७) यस दफा बमोजिम हस्तान्तरण भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम मध्ये आषाढ मसान्तसम्म खर्च नभएको बाँकी रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिमको अघिल्लो आर्थिक वर्षमा खर्च नभएको अनुदान रकम दाखिला नगर्ने स्थानीय तहलाई चालु आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी समायोजन गरिनेछ।

(९) यस दफा अनुसार तोकिएको र मन्त्रालयले माग गरेको विवरण पेश नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम मन्त्रालयले रोक्का गर्न सक्नेछ।

(१०) मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन नभएमा, संघीय सरकारबाट हस्तान्तरण हुने रकममा न्यूनता आएमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ।

६. **<u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस अध्यादेश बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजना स्थानीय तह मार्फत् गर्नुपर्ने गरी विषयगत मन्त्रालयले सिफारिस गरेमा मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले अख्तियारीको रुपमा शर्त सहित कार्यान्वयन गराउन सक्नेछ।

तर संघीय सशर्त अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न तथा हस्तान्तरण गर्न पाइने छैन।

(२) मन्त्रालयको सहमति र विषयगत मन्त्रालयको प्रस्तावमा दीर्घकालीन दायित्व नपर्ने गरी संघीय सरकारको कार्यक्षेत्रमा पर्ने, अत्यावश्यक देखिएको र संघीय बजेट तथा कार्यक्रमले सम्बोधन नगरेको विषयमा कुनै कार्यक्रम वा आयोजना संघीय सरकार अन्तर्गतको निकाय मार्फत् कार्यान्वयन गराउने गरी प्रदेश सरकारले निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा संघीय सरकारको सम्बन्धित मन्त्रालय र संघीय अर्थ मन्त्रालयको सहमति प्राप्त भएको हुनुपर्नेछ।

(४) प्रदेश सरकारको बजेट तथा कार्यक्रममा परेको विषय संघीय सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने औचित्य र आवश्यकता देखिएमा सम्बन्धित संघीय मन्त्रालय र संघीय अर्थ मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना संघीय सरकार अन्तर्गतको कार्यालय मार्फत् कार्यान्वयन गराउन सक्नेछ।

(५) यस अध्यादेश बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्पष्ट उपलब्धि र कार्ययोजना सहित थप रकम माग भई आएमा उपयुक्तता र स्रोतको उपलब्धताको आधारमा मन्त्रालयले त्यस्तो कार्यक्रम वा आयोजनाको प्रगति समेत हेरी थप रकम उपलब्ध गराउन सक्नेछ।

(६) कुनै स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना सम्बन्धित स्थानीय तहले प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन अनुरोध गरेमा विषयगत मन्त्रालय र मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन सकिनेछ।

(७) उपदफा (१), (२), (४), (५) र (६) बमोजिमको निर्णयको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, स्थानीय तह र प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(८) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (५) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णय बमोजिम खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा सम्बन्धित स्थानीय तहको कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड प्रदान गरी सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनुपर्नेछ।

(९) उपदफा (६) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेशको सम्बन्धित

निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(१०) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ सम्बन्धी सामाजिक विकास मन्त्रालयमा रहेका कार्यक्रमको सञ्चालन र बजेट निकासा तथा स्थानीय तहमा हस्तान्तरण भएका सशर्त तर्फका आयोजनाको कार्यक्रम संशोधन प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७. **लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षणः** यस अध्यादेश बमोजिम प्रदेश सरकारबाट विनियोजित वा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजना अख्तियारीको रुपमा स्थानीय तह वा संघीय सरकार अन्तर्गतका कार्यालयबाट कार्यान्वयन गर्दा प्रदेश सरकार अन्तर्गतको इकाईको रुपमा प्रदेश कानून बमोजिम लेखा राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन गर्ने समेतको वित्तीय दायित्व बहन गर्नुपर्नेछ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृतिः** (१) यस अध्यादेश बमोजिम विनियोजित रकमको खर्च गर्ने अख्तियारी प्रचलित कानूनको अधीनमा रही अध्यादेश प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई असोज पन्ध्र गतेभित्र बाँडफाँट गरी

त्यसको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ। सो समायावधिभित्र बाँडफाँट नगरेमा मन्त्रालयले बाँडफाँट गरी अख्तियारी प्रदान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

तर स्थानीय तहमा हस्तान्तरण भएका सशर्त तर्फका कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा विषयगत मन्त्रालय तथा निकायले योजना आयोगको सिफारिसमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले तालुक कार्यालय प्रमुखको स्वीकृति लिनुपर्नेछ।

तर विषयगत मन्त्रालयले कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खर्च शीर्षकमा एकमुष्ट रकम विनियोजन भएमा चौमासिक विभाजन सहित वार्षिक कार्यक्रमको ढाँचामा असोज पन्ध्र गतेभित्र कार्यक्रमको बाँडफाँट गरी योजना आयोगको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ। त्यसरी स्वीकृत भएको जानकारी मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

तर एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरिसके पछि पुनः रकमान्तर तथा कार्यक्रम संशोधन गर्न पाइने छैन।

(१०) विषयगत मन्त्रालय, आयोग वा सचिवालयबाट कारण र औचित्य खुलाई स्वीकृत वार्षिक विकास कार्यक्रम संशोधनका लागि अनुरोध गरेमा कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी योजना आयोगको सिफारिसमा मन्त्रालयले चैत मसान्तसम्म कार्यक्रम संशोधन गर्न सक्नेछ।

तर चैत मसान्त पछि कार्यक्रम संशोधन गर्नुपर्ने पर्याप्त आधार भएमा मन्त्रालयको सहमतिमा प्रदेश सरकारको स्वीकृति लिई गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम कार्यक्रम संशोधन गर्दा समपूरक र विशेष अनुदान तर्फका कार्यक्रमको हकमा संशोधन गरी कायम हुने आयोजनाको लागत अनुमान समेत पेश गर्नुपर्नेछ।

९. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस अध्यादेशको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) विभिन्न अनुदान सङ्ख्यामा रहेका रोजगार कार्यक्रमको विनियोजित रकमको खर्च प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

१०. **बाधा अड्काउ फुकाउन सक्नेः** (१) यस अध्यादेशको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

**नेपालको संविधान बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.स** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च रकम** | **पुँजीगत खर्च रकम** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ६९१३ | ० | ० | ६९१३ |
| २ | २१० | प्रदेश लोकसेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ४१९७ | ० | ० | ४१९७ |
| **जम्मा** | | | ११११० | ० | ० | ११११० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ र ४ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजित हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.स** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च रकम** | **पुँजीगत खर्च रकम** | **जम्मा रकम** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १०६०२९ | ३७५७५ | १४३६०५ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ६३१४२ | २५२७५ | ८८४१७ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १२५३१ | ५८०० | १८३३१ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४३०६९१ | २०६७९७५ | ४४९८६६६ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १५१५९१ | ९१९६५ | २४३५५६ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९०५१२५ | १५१३९५० | २४१९०७५ |
| ७ | ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ७९३६६ | २२७०३०० | २३४९६६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २२९६८९९ | ६६११०६ | २९५८००५ |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४०१५९० | २८८५५० | ६९०१४० |
| १० | ३३७ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ३५०११२ | ११९९३३९८ | १२३४३५१० |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | ३६४३४२४ | २१८८७१४ | ५८३२१३८ |
| १२ | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ४११६० | ९३०५ | ५०४६५ |
| १३ | ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ- वित्तीय व्यवस्था) | ५००००० | - | ५००००० |
| १४ | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ- विविध) | ५००००० | ५००००० | १०००००० |
| १५ | ८०१ | स्थानीय तह | ३३९९९५३ | | ३३९९९५३ |
| | | **कुल जम्मा** | **१४८८१६१३** | **२१६५३९१३** | **३६५३५५२६** |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रमाणीकरण मितिः२०७८/०३/३१

**आज्ञाले,**
(पुण्यविक्रम पौडेल)
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय